(मा.उपप्रधानमन्त्रीबाट स्वीकृत मितिः२०७२ पौष २८)

# अपाङ्ग जिल्ला/नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२

**प्रस्तावना** :

नेपालको संविधानले आर्थिक समानता, संवृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख गरेको सन्दर्भमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण, स्वतन्त्र, अवरोधमुक्त र आत्मनिर्भर जीवन यापनका लागि उपयुक्त रोजगारी सहित आवश्यक सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार एवं सुविधाहरु उपलब्ध गराउन आवश्यक भएको, स्थानीय निकाय, विषयगत कार्यालयहरु तथा अन्य गैरसरकारी निकायबाट अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालन हुने कार्यक्रमहरुलाई पारदर्शी, जनमूखी, प्रभावकारी बनाई उपलब्धीपूर्ण र समावेशी बनाउन अपाङ्गताको क्षेत्रमा सञ्चालित कार्यक्रमहरुमा दोहोरोपना हटाई अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग र समन्वय गर्न तथा विकास क्रियाकलापहरुमा उनिहरुको पहुँच अभिवृद्धि गर्न जिल्ला तथा नगरपालिका तहमा अपाङ्ग समन्वय समिति गठन गर्न वाञ्छनीय भएकोले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यो "अपाङ्ग जिल्ला/नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२" तर्जुमा गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "अपाङ्ग जिल्ला/नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले दफा ६ बमोजिमको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको अपाङ्ग जिल्ला / नगर समन्वय समिति सम्झनु पर्छ।

**३. समितिको गठन** : (१) अपाङ्ग जिल्ला समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम काज गर्ने गरी तोकिएको पदाधिकारी - अध्यक्ष

(ख) संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको निर्णयबाट मनोनयन हुने जिल्लाभित्र अपाङ्गता भएका व्यक्तिको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशिल अपाङ्गता भएका एक जना व्यक्ति - उपाध्यक्ष

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) जिल्ला शिक्षा अधिकारी -सदस्य

(ङ) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको प्रमुख -सदस्य

(च) कृषि विकास कार्यालयको प्रमुख - सदस्य

(छ) जिल्ला पशु सेवा कार्यालयका प्रमुख - सदस्य

(ज) जिल्ला विकास समितिको कार्यालयका योजना, अनुगमन तथा प्रशासकीय अधिकृत - सदस्य

(झ) महिला तथा बालवालिका कार्यालयका प्रमुख - सदस्य

(ञ) घरेलु तथा साना उद्योग कार्यालय/समितिको प्रमुख - सदस्य

(ट) राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला समितिले तोकेको कम्तिमा एक जना महिलासहित दुई जना प्रतिनिधि -सदस्य

(ठ) स्थानीय विकास अधिकारीले तोकेको जिल्ला विकास समितिको अधिकृत -सदस्य-सचिव

(२ ) अपाङ्ग नगर समन्वय समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) नगरपालिकाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको पदाधिकारी - अध्यक्ष

(ख) संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको निर्णयबाट मनोनयन हुने नगरपालिका क्षेत्र भित्र अपाङ्गता भएका व्यक्तिको हक, अधिकार र विकासको क्षेत्रमा क्रियाशिल अपाङ्गता भएका एकजना व्यक्ति - उपाध्यक्ष

(ग) जिल्ला विकास समितिको योजना अनुगमन तथा प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख जिल्ला अधिकारीले तोकेको एक जना अधिकृत - सदस्य

(ङ) जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि - सदस्य

(च) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयको प्रतिनिधि - सदस्य

(छ) जिल्ला कृषि विकास कार्यालयको प्रतिनिधि - सदस्य

(ज) जिल्ला पशु सेवा कार्यालयको प्रतिनिधि - सदस्य

(झ) घरेलु तथा साना उद्योग कार्यालय/समितिका प्रतिनिधि - सदस्य

(ञ) राष्ट्रिय अपाङ्ग महासंघ जिल्ला समितिले तोकेको कम्तिमा एक महिला सहित दुई जना प्रतिनिधि -सदस्य

(ट) कार्यकारी अधिकृतले तोकेको नगरपालिकाको महाशाखा/शाखा प्रमुख -सदस्य-सचिव

<u>**४ .समितिको काम, कर्तब्य र अधिकारः-**</u> **अपाङ्ग/ जिल्ला नगर समन्वय** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अपाङ्गताका क्षेत्रसँग सम्बन्धित जिल्ला तथा नगरपालिकामा सञ्चालित सरकारी, गैरसरकारी क्षेत्रका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) जिल्ला विकास समिति, नगरपालिका तथा गा.वि.स.बाट सञ्चालन हुने अपाङ्ग लक्षित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समन्वय र सहजीकरण गर्ने,

(ग) स्थानीय निकायबाट प्रचलित अनुदान सञ्चालन कार्यविधि बमोजिम अपाङ्ग लक्षित कार्यक्रमहरुमा विनियोजित बजेटबाट लक्षित वर्ग लाभान्वित हुने अवस्था सुनिश्चित गर्ने,

(घ) स्थानीय निकायहरु, बिषयगत कार्यालयहरु तथा गैरसरकारी संस्थाहरुलाई अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण, चेतना विकास र प्रत्यक्ष लाभान्वित हुने कार्यक्रमहरु तर्जुमा गर्नको लागि सिफारिश गर्ने,

(ङ) जिल्ला तथा नगरपालिकामा अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र उत्थानका लागि गठित समूह तथा सामुदायिक संस्थाहरुले सञ्चालन गर्ने अपाङ्ग लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक सहयोग गर्ने,

(च) अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण र उत्थानका लागि जिल्ला नगरपालिकामा क्रियाशील गैरसरकारी संस्था, सामुदायिक संस्था, समिति तथा समूहरुको संस्थागत क्षमता विकास र सशक्तिकरण गरी उनीहरुका माग तथा आवश्यकताहरु सम्बन्धित निकायहरुमा पुर्‍याउन सहयोग र समन्वय गर्ने,

(छ) जिल्ला तथा नगरपालिकामा अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संघ, संस्था तथा यसका सदस्यहरुको क्षमता विकास र सशक्तिकरण गर्ने, गराउने,

(ज) अपाङ्गता भएका व्यक्तिको सहभागिता, उत्थान तथा विकासका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लगायत अन्य कार्यान्वयनमा रहेका नियमावली, नीति, रणनीति, कार्यविधिहरुमा भएका व्यवस्थाहरुको बारेमा सरोकारवालाहरुलाई सुसूचित गर्ने,

(झ) नेपालको संविधानमा अपाङ्गता भएका व्यक्तिहरुको  अधिकार एवं दायित्वका बारेमा सरोकारवाला व्यक्ति वा निकायहरुलाई सूसुचित गर्ने,

(ञ) जिल्ला स्थित महिला तथा बालबालिका कार्यालयबाट सञ्चालित अपाङ्गता सम्बन्धी कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक सहयोग उपलब्ध गराउने,

(ट) जिल्लामा विभिन्न निकायहरुबाट अपाङ्गता भएका व्यक्तिको लागि मात्र लक्षित कार्यक्रमहरुको बजेट तथा कार्यक्रमको स्थान र विषयगत क्षेत्र अनुसारको अभिलेख तयार गर्ने,

(ठ) विभिन्न संघ, संस्था तथा निकायबाट गठन हुने उपभोक्ता समिति, समूह वा संस्थामा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वको लागि पहल गर्ने,

(ड) जिल्लास्थित विषयगत कार्यालयहरु तथा स्थानीय निकायबाट सञ्चालित अपाङ्गता भएका व्यक्तिको लागि लक्षित कार्यक्रमको कार्यान्वयनको अवस्था तथा कुल विनियोजित बजेटको बारेमा प्रचार प्रसार गर्ने,

(ढ) स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवं परीक्षण कार्यविधि, २०६८ अनुसारको बजेटको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने,

(ण) अपाङ्गता भएका व्यक्तिको जिल्ला, नगर, गाउँमा खण्डिकृत तथ्याङ्कहरु तयारी एवं अद्यावधिक गर्न सहयोग गर्ने, गराउने,

(त) सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, अपांगता भएका व्यक्ति, लगायत नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि पहल गर्ने,

(थ) सामाजिक रुपले पछाडि परेका अपांगता भएका व्यक्ति समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक स्थापित गर्नमा सघाउ पुर्‍याउने ।

**५. समितिको बैठक सम्बन्धी कार्यविधि :** (१)  समितिको बैठक १ बर्षमा कम्तीमा ६ पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाबै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

<u>**६. उपाध्यक्ष सम्बन्धी अन्य व्यवस्था**</u> : (१) जिल्ला/नगर समन्वय समितिमा एक/एक जना उपाध्यक्ष रहनेछन् जसको नियुक्तिको निर्णय नेपाल सरकार (मन्त्रीस्तर) बाट हुनेछ ।

(२) उपाध्यक्षको पदावधि बढीमा चार वर्षको हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायको निर्वाचन सम्पन्न भएपछि निज आफ्नो पदबाट स्वतः मुक्त हुनेछ ।

<u>**७. उपाध्यक्षको सेवा, शर्त र सुविधा**</u> : (१) समितिको उपाध्यक्षले मासिक रुपमा रु.५०००।- (कर समेत) नियमित पारिश्रमिक पाउनेछ । उक्त पारिश्रमिकको व्यवस्था जिल्ला विकास समिति/नगरपालिकाले मिलाउनेछ । उपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले नियमित पारिश्रमिक वा अन्य सुविधा पाउने छैनन् । तर समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समिति तथा नगरपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् । जिल्ला विकास समिति तथा नगरपालिकाले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछन् ।

*(तर समितिको उपाध्यक्षले मासिक रुपमा रु.५०००। (कर समेत) नियमित पारिश्रमिक पाउने हकमा अर्थमन्त्रालयबाट स्वीकृत प्राप्त भएपछि लागू हुनेछ ।)*

(२) समितिको उपाध्यक्षले कामको सिलसिलामा भ्रमण गर्दा जिल्ला विकास समितिको सभापति वा सभापतिको कामकाज गर्ने गरी तोकिएको पदाधिकारी/नगरपालिकाका प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको पदाधिकारीबाट भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ । भ्रमण आदेश स्वीकृत गर्दा भ्रमण प्रयोजन समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(३) समितिको उपाध्यक्षले भ्रमण गरी फर्केको पैंतीस दिनभित्र भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ । भ्रमण प्रतिवेदन प्राप्त भएपछि जिल्ला विकास समिति/नगरपालिकाले नियमानुसार भ्रमण भत्ता भुक्तानी गर्नेछ ।

(४) जिल्ला विकास समिति/नगरपालिकाले आफ्नो नियमित बैठक, योजना तर्जुमा गोष्ठी र जिल्ला परिषद्/नगरपरिषद्मा समितिको उपाध्यक्षलाई आमन्त्रण गर्न सक्नेछ । यसरी उपस्थित भएको अवस्थामा उपाध्यक्षले जिल्ला विकास समिति/नगरपालिकाको सदस्यले पाए सरह बैठक भत्ता पाउने छ ।

(५) कार्यालय समय बाहेक र बिदाको दिनमा समितिको बैठक बस्नु पर्दा उपाध्यक्ष बाहेक अन्य पदाधिकारीहरुले समितिको बैठकमा भाग लिए वापत जिल्ला विकास समिति/नगरपालिकाका सदस्यले पाए सरहको बैठक भत्ता पाउनेछन् । यस्तो भत्ता उपलब्ध गराउँदा जिल्ला विकास समिति/नगरपालिकाको प्रशासनिक खर्चको सीमा भित्र रही उपलब्ध गराउनु पर्नेछ । साथै जिल्ला विकास समिति/नगरपालिकाले बैठक भत्ता, भ्रमण खर्च तथा अनुगमन सम्बन्धी खर्चको व्यवस्था अनुदान तथा कोषतर्फको सम्बन्धित शीर्षकमा नै व्यवस्था गर्न सक्नेछन् ।

तर माथि उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिका पदाधिकारी बाहेक अन्य आमन्त्रित सदस्यलाई भत्ता उपलब्ध गराइने छैन ।

**८. उपाध्यक्षको आचरण एवं दायित्व** : निज नेपालको प्रचलित संविधान, कानून तथा नेपाल सरकारको नीति तथा कार्यक्रमप्रति पूर्ण रुपमा वफादार हुनुपर्नेछ । राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनता स्वाभिमान र सामाजिक एवं सांस्कृतिक सद्भावको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नु निजको दायित्व हुनेछ ।

<u>**९. समितिको सम्पर्क कार्यालय**</u> : समितिको सम्पर्क कार्यालय जिल्लाको हकमा जिल्ला विकास समिति र नगरपालिकाको हकमा नगरपालिकामा रहनेछ । कार्यालय प्रयोजनको लागि केन्द्रबाट प्राप्त अनुदान र आन्तरिक श्रोतबाट जिल्ला विकास समिति तथा नगरपालिकाले आवश्यकताको आधारमा व्यवस्थापन गर्नेछन् ।

**<u>१०. निर्देशन दिन सक्ने :</u>** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समिति तथा नगरपालिका मार्फत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यसको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**<u>११. थपघट र हेरफेर :</u>** मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**<u>१२. खारेजी र बचाउ :</u> (१)** अपांग जिल्ला समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ र अपांग नगर समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

(३) यो कार्यविधि लागू भएपछि साविक कार्यविधि अनुसार नियुक्ति भएका पदेन बाहेकका पदधिकारी स्वतः पदमुक्त हुनेछन् ।